संघीय संसद
प्रतिनिधि सभा, २०७९
चौथो अधिवेशन
बैठक संख्या - २१ र २२
सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८१ साल असार ५ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख देवराज घिमिरेको अध्यक्षतामा दिनको १२:०५ बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा आकस्मिक समय लिएर निम्नलिखित माननीय सदस्यहरुले दुग्ध विकास संस्थान काठमाडौंमा दुधको तत्काल भुक्तानीको माग गर्दै शान्तीपूर्ण आन्दोलनमा रहेका दुग्ध किसानहरुमाथी प्रहरी प्रशासनले अनावश्यक धरपकड गरेको, दुग्ध किसानहरुको जायज माग तत्काल पुरा गर्नुपर्ने, नेपाल क्रसर तथा खानी उद्योग व्यवसायी महासंघमा कानून सम्वत् दर्ता भएका तर सरकारले जारी गरेको मापदण्डका कारण नविकरण हुन नसकेका आन्दोलनरत उद्योगीहरुको तत्काल माग सम्बोधन गर्नुपर्ने, काठमाडौंमा कवाडी व्यवसायीहरुको शान्तीपूर्ण आन्दोलनमा प्रहरीको धरपकड भएको, सोलुखुम्बु जिल्लाको लुक्ला तेन्जिङ हिलारी विमानस्थल एघार दिनदेखि अवरुद्ध भएकोले तत्काल सुचारु गर्न सम्बन्धित निकायले पहल गर्नुपर्ने, गोरखा जिल्ला भिमसेन थापा गाउँपालिका र धादिङ जिल्ला त्रिपुरासुन्दरी जोड्ने झोलुङ्गे पुलको मर्मत सम्भार गर्नुपर्ने, तराईका जिल्लाहरुमा अपराधका घटनाहरु बढ्दै गइरहेकोले सम्बन्धित निकायले सुरक्षाको अनुभुति दिलाउनु पर्ने लगायतका विषयहरुमा आ-आफ्नो भनाइ राख्नुभयो ।

१. मा० महेश कुमार वर्तौला
२. मा० मेटमणि चौधरी
३. मा० डा० अमरेश कुमार सिंह
४. मा० मान बहादुर राई
५. मा० एकनाथ ढकाल
६. मा० नागिना यादव

यसैविच माननीय मेटमणि चौधरीले बोलिसक्नु भएपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १५ तर्फ माननीय सदस्यहरुलाई ध्यानाकर्षण गराउनु हुँदै सोही नियम अनुसार आफ्नो भनाई राख्नुहुन अनुरोध गर्नुभयो ।

त्यसपछि भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयमा आ-आफ्नो भनाइ राख्नुभयोः-

१. मा० भीम प्रसाद आचार्य
२. मा० मन बहादुर गुरुङ
३. मा० मनिष झा
४. मा० महेश बस्नेत
५. मा० माधव सापकोटा
६. मा० मेनका कुमारी पोखेल
७. मा० मैना कार्की
८. मा० मंगल प्रसाद गुप्ता
९. मा० रघुजी पन्त
१०. मा० रण कुमारी बलम्पाकी मगर
११. मा० रणेन्द्र बराली
१२. मा० रन्जु कुमारी झा
१३. मा० रमा कोइराला पौड्याल
१४. मा० राजेन्द्र कुमार के.सी.
१५. मा० राजेन्द्र बजगाई
१६. मा० राम कुमार राई
१७. मा० राम कृष्ण यादव
१८. मा० राम नाथ अधिकारी
१९. मा० रामहरि खतिवडा
२०. मा० रुक्मणी राना बराइली
२१. मा० रुपा सो.शी (चौधरी)
२२. मा० रेखा यादव
२३. मा० रोसन कार्की
२४. मा० लक्ष्मी तिवारी
२५. मा० लाल प्रसाद साँवा लिम्बू
२६. मा० लिलानाथ श्रेष्ठ
२७. मा० लेखनाथ दाहाल
२८. मा० बिजुला रायमाझी

तदुपरान्त शून्य समय सकिए लगत्तै माननीय महेन्द्र कुमार रायले बोल्न समय माग गर्नुभई आकस्मिक समयमा बोल्ने क्रममा माननीय नागिना यादवले विनोद महतोको छोराको मृत्यु भएको भन्ने कुरा उल्लेख गर्नु भएको तर उहाँ घाइते मात्र हुनुभएको हो र अपस्पतालमा उपचाररत हुनुहुन्छ भन्नुभयो ।

तत्पश्चात् प्रारम्भ भएको विनियोजन विधेयक, २०८१ को विभिन्न शीर्षकहरुमाथिको छलफल अन्तर्गत युवा तथा खेलकुद मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथि भएको छलफलमा प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १४६ को उपनियम (१) को खण्ड (क) र (ख) बमोजिम निम्नलिखित माननीय सदस्यहरुले खर्च कटौतीको प्रस्तावहरु प्रस्तुत गर्नुहुँदै कार्यसूचीमा निर्धारित मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरुमाथीको छलफलमा समेत भाग लिनुभयोः-

१. मा० पुष्पबहादुर शाह
२. मा० प्रेम सुवाल

३. मा० डा० अमरेश कुमार सिंह
४. मा० ध्रुवबहादुर प्रधान

तत्पश्चात् विनियोजन विधेयक, २०८१ अन्तर्गत युवा तथा खेलकुद मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा दलीय आधारमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनुभयो:-

१. मा० धनराज गुरुङ
२. मा० भिम प्रसाद आचार्य
३. मा० देवेन्द्र पौडेल
४. मा० हरि ढकाल
५. मा० दिपक बहादुर सिंह
६. मा० मेटमणी चैधरी
७. मा० रन्जु कुमारी झा
८. मा० अब्दुल खान
९. मा० रामप्रकाश चौधरी
१०. मा० अरुण कुमार चौधरी
११. मा० चित्रबहादुर के.सी.
१२. मा० मोहन बहादुर बस्नेत
१३. मा० ठाकुर प्रसाद गैरे
१४. मा० लेखनाथ दाहाल
१५. मा० श्याम कुमार घिमिरे
१६. मा० महेश बस्नेत
१७. मा० दिनेश कुमार यादव

त्यसपछि माननीय नागिना यादवले बोल्न समय माग गरी आफुले आकस्मिक समयमा बोल्ने क्रममा तराईको जिल्लाहरुमा गोली हानेर हत्या हुने क्रम बढेको विषय उठाउँदा गौशला नगरपालिकाको विनोद महतोको छोरालाई पनि गोली लागेर घाइते भएको भन्नु पर्ने ठाउँमा भुलवस हत्या भएको भन्न पुगेकोले त्यसप्रति क्षमा माग्नुहुँदै उक्त हत्या भएको भन्ने शब्द सचिवालयको रेकर्डबाट हटाइदिनु हुन अनुरोध गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले माननीय नागिना यादवले आकस्मिक समयमा बोल्ने क्रममा “त्यसैगरि महोत्तरीका गौशाला नगरपालिकाका एकजना विनोद महतोको छोरालाई पनि अस्ति भर्खरै गोली हानेर हत्या गरेका छन् ।” भनी राख्नुभएको वाक्यांशलाई सचिवालयको अभिलेखबाट हटाउन सचिवालयलाई निर्देश गर्नुभयो ।

तदनन्तर अर्को बैठक १५ मिनेटपछि बस्नेगरी दिनको ३:३५ बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजको दोस्रो बैठक सम्माननीय सभामुख देवराज घिमिरेको अध्यक्षतामा दिनको ४:४० बजे प्रारम्भ भयो ।

तत्पश्चात् प्रारम्भ भएको विनियोजन विधेयक, २०८१ अन्तर्गत विभिन्न मन्त्रालयहरुसँग सम्बन्धित विभिन्न शीर्षकहरुमाथिको छलफलको क्रममा उठेका प्रश्नहरुको सम्बन्धित मन्त्रीले जवाफ दिने क्रममा माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदिप यादवले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले स्पष्टीकरण सोध्नुभयो :-

१. मा० रामहरि खतिवडा
२. मा० विना लामा
३. मा० सिता मिजार
४. मा० रोशन कार्की
५. मा० डा० तोसिमा कार्की
६. मा० जावेदा खातुन जागा
७. मा० अशोक कुमार चौधरी
८. मा० रन्जु कुमारी झा
९. मा० ठाकुर प्रसाद गैरे
१०. मा० प्रेम सुवाल
११. मा० सपना राजभण्डारी
१२. मा० दिपा शर्मा

तदुपरान्त माननीय रामहरि खतिवडाले कर्मचारीहरुको विरोधका कारण वक्ता माननीय सदस्यहरुको अभिव्यक्तिहरु प्रशारण वन्द भएको छ । भोली पनि हामी सदन चलाउन सक्छौ यसरी प्रशारण वन्द गरेर सदन नचलाऔं भन्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको सम्बन्धमा दिनुभएको जवाफका सम्बन्धमा माननीय सदस्यहरुबाट सोधिएको स्पष्टीकरणको जवाफ लगायत कार्यसूचीमा रहेका विनियोजन विधेयक, २०८१ अन्तर्गत बाँकी मन्त्रालयहरुसँग सम्बन्धित विभिन्न शीर्षकहरुमाथिको छलफलको क्रममा उठेका प्रश्नहरुको सम्बन्धित मन्त्रीले जवाफ दिने कार्य आगामी बैठकमा हुनेगरी कार्यसूचीको बाँकी कार्यक्रम विशेष कारणवश हटाइएको व्यहोरा माननीय सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर अर्को बैठक २०८१ साल असार ६ गते बिहीबार बिहान ११:०० बजे बस्नेगरी बैठक दिनको ५:५५ बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
महासचिव